# काठमाडौं उपत्यका खानेपानी लिमिटेडको

## <u>सूचना</u>

यस काठमाडौं उपत्यका खानेपानी लिमिटेड अन्तर्गत सञ्चालन भैरहेको थोक वितरण प्रणाली सञ्चालन गर्ने क्रममा आज मिति २०८१/०४/०९ गते बिहान दुई ठाउँ वनस्थली र बालाजु माछापोखरीमा लिकेज देखिएकोमा वनस्थलीमा भएको लिकेज मर्मत भइसकेको जानकारी गराउँदछौं । साथै, माछापोखरीमा देखिन गएको लिकेजको लागि नारायणगोपाल चोकमा रहेको लाइन भल्भ बन्द गरिसकेको हुनाले त्यस ठाँउमा पानीको बहाव नहुने हुनाले सुरक्षाको दृष्टिकोणले सुरक्षित महसुस गर्न आग्रह गर्दछौं। बालाजु माछापोखरीमा भएको ११०० मि.मि.को D.I. पाइपको लिकेज यथाशक्य छिटो मर्मत कार्य सम्पन्न गरी पुनः पानी आपूर्ति शुरू गरिने व्यहोरा समेत अनुरोध छ । थोक वितरण प्रणाली अन्तर्गतको पाइपलाइनमा लिकेज भई सर्वसाधरणमा पर्न गएको असुविधाको लागि लिमिटेड क्षमाप्रार्थी छौं ।

प्रवक्ता

२०८१ साउन ९ गते